# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०६।२७ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

बीरेन्द्रनगर नगरपालिकाको ४ नं. वडा कार्यालय भैरवस्थानमा प्रशासन सहायक (करार सेवा) पदमा कार्यरत बीरेन्द्रनगर वडा नं. १३ स्थायी बसोवास भएका रत्न बहादुर बि.क. ले वडा कार्यालयबाट उठाएको राजस्व रकम कार्यालयको राजस्व खातामा जम्मा नगरी हिनामिना गरेको भन्ने सूचना एवं उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटिई गएको टोलीले निज रत्न बहादुर बि.क. लाई थप अनुसन्धानको लागि नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा निज रत्न बहादुर बि.क. ले बीरेन्द्रनगर नगरपालिका वडा नं. ४ को कार्यालयबाट राजस्व रकम रु. २०,२०,०६७।०१ संकलन गरेकोमा बिभिन्न मितिमा रु. ४,१६,६००।–बैंक दखिला गरी रु. १६,०३,४६७।०१ राजस्व रकम बैंकमा दाखिला नगरी राजस्व रकम हिनामिना गरेको देखिएको र संकलित राजस्व रकम कार्यालयको कार्यक्रम सञ्चालन खर्च गर्ने तथा आफूखुशी खर्च गर्ने कार्यमा कार्यालय प्रमुख रहेका वडा सचिव (सहायकस्तर पाँचौं) इन्द्र प्रसाद अधिकारीसमेतको प्रत्यक्ष मिलेमतो एवं संलग्नता र मद्दत पुऱ्याएको देखिन आई निजहरु वडा सचिव इन्द्र प्रसाद अधिकारी र प्रशासन सहायक रत्न बहादुर बि.क. ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निजहरुलाई बिगो रु. १६,०३,४६७।०१ (सोह्र लाख तीन हजार चार सय सतसठ्ठी रुपैंया एक पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम कैद सजाय हुन र ऐ.ऐनको दफा ७ बमोजिम बिगो रकमको दोब्बर जरिवाना हुनका साथै हिनामिना गरेको रास्वमध्ये रु. ७,१६,७१७।०१ हालसम्म पनि दाखिला नगरिएकोले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) बमोजिम दाखिला नगरिएको बिगो रु. ७,१६,७१७।०१ (सात लाख सोह्र हजार सात सय सत्र रुपैंया एक पैसा) निज आरोपीहरु इन्द्र प्रसाद अधिकारी र रत्न बहादुर बि.क. बाट असुल उपर गरी जफत हुन समेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी